मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

# पूर्वाञ्चल

Purwanchal National Daily

◆ वर्ष : २४ ◆ अङ्क : ३०५ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ असोज ५ गते आइतबार (Sunday, September 22. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

कोरियन भाषा
FAST TRACK Education Consultancy (P) Ltd., Birtamode
Shanischare Road, Birtamode-5, Jhapa
फोन: ०२३-५४०३५९ / ९८१६०३८८०४

## झापामा चरेसको कारोबार



**बिर्तामोड, असोज ४।** झापामा लागूऔषधहरुमध्ये सबैभन्दा बढी चरेसको कारोबार हुने गरेको तथ्य खुलेको छ ।

खुल्ला सीमानाका कारण जिल्लामा अत्यधिक मात्रामा लागूऔषधको कारोबार हुने गरेको र त्यस मध्ये पनि चरेसको अत्यधिक कारोबार हुने गरेको प्रहरीको तथ्याङ्कमा उल्लेख छ । लागूऔषध सम्बन्धी आर्थिक वर्ष २०७५/०७६मा एक सय २५ वटा मुद्दा दर्ता भएका छन् । तिनमा १८ महिलासहित एक सय ८६ पुरुष पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय झापाको एक वर्षको तथ्याङ्क हेर्दा १८ किलो ५ सय ग्राम चरेसको कारोबार भएको छ । कारोबारीमा संलग्नमध्ये ४३ जना अदालतको आदेशमा छुटेका छन् भने एक सय ५७ जना पुर्पक्षका लागि जेलचलान भएका छन् । चालू आर्थिक वर्षको एक महिना (साउन) मा मात्रै लागूऔषध सम्बन्धी २३ वटा मुद्दा दर्ता भएका छन् ।

प्रहरीको तथ्यांक अनुसार ०७५/०७६मा डाइजापाम एक हजार सात सय ९० एम्पुल, लुपिजेसिक एक हजार सात सय ८६ एम्पुल, फेनारगन एक हजार सात सय ८९ एम्पुल, नाइट्रोसन एक हजार आठ सय सात चक्की, ब्राउन सुगर सात सय ६७ ग्राम ९९७ मिलिग्राम, गाँजा दुई किलो तीन सय ३५ ग्राम, नाइट्राभेट एक सय ८८ चक्की, इएसकेयुएफ ४३ बोतल भरिएको र दुई बोतल खाली बरामद भएको छ । आर्थिक बर्ष २०७४/०७५मा गाँजाको कारोबार उच्च देखिएकोमा ०७५/०७६मा चरेसको कारोबार बढी देखिएको छ । आर्थिक बर्ष ०७४/०७५मा लागूऔषध सम्बन्धी एक सय २६ वटा मुद्दा दर्ता भएका थिए । जसमा एक सय ४९ पुरुष, ८ महिला, २३ बालक, संलग्न रहेको प्रहरीको तथ्यांकमा उल्लेख छ । प्रहरीले दिनप्रतिदिन लागूऔषध नियन्त्रणका लागि अभियान चलाए पनि कारोबारीको संख्यामा कमी नआएको तथ्यांकले देखाएको छ ।

लागूऔषध नियन्त्रणकै लागि काँकरभिट्टा क्षेत्रमा लागूऔषध

*(बाँकी अन्तिम पृष्ठमा)*

## आङ खस्ने अधिक, पाठेघर क्यान्सरको जोखिम

**दमक, असोज ४।** शिक्षा स्वास्थ्य र जनचेतनाको हिसाबले पनि निकै अगाडि मानिएको झापा जिल्लाका महिलाहरुले अझै पनि आफना समस्याहरु लुकाउने गरेको पाइएको छ ।

झापाको दमकमा दमक नगरपालिकाले आयोजना गरेको दुई दिने बृहत् निःशुल्क महिला स्वास्थ्य शिविरमा यस्तो रहस्य सार्वजनिक भएको हो । शिविरमा दमक नगरपालिका स्वास्थ्य शाखाको आयोजना, सामुदायिक सेवा प्रतिष्ठान भक्तपुरको प्राबिधिक सहयोग र मेलान दमकको ल्याव परीक्षण सेवा उपलब्ध गराएका थिए ।

दुई दिनसम्म चलेको निःशुल्क स्वास्थ्य शिबिरमा दमक, कमल र गौरादहका गरी ९ सय ७४ जना २० देखिमाथि ७० वर्ष उमेर समूहका महिलाहरुले स्वास्थ्य परीक्षण गराएको दमक नगरपालिका स्वास्थ्य शाखा प्रमुख इन्द्र आर्यालले जानकारी दिए । शिबिरमा स्वास्थ्य परीक्षण गराउन आएका ९ सय ७४ जनामध्ये १ सय २१ जनामा आङ्खस्ने समस्या पाइएको आर्यालले बताए ।

जस मध्येपनि १० जनामा गम्भीर प्रकृतिको पाइएकाले निःशुल्क शल्यक्रियाका लागि दमकस्थित आम्दा अस्पताल पठाइएको प्रमुख आर्यालले बताए । शिबिरमा आएका मध्येमा करिब १२ प्रतिशतमा आङ खस्ने समस्या देखिएको छ । त्यसमा पनि १० जनामा निकै गम्भीर प्रकृतिको पाइएकाले शल्यक्रिया नै गर्नुपरेको छ भने बाँकी ५५ जनालाई रिङ्केशरी गरिएको आयोजकले जनाएको छ । यो तथ्याकंलाई हेर्दा अझै पनि धेरै महिलाहरुले घर परिवार र समाजमा आफ्नो समस्या लुकाउने गरेको देखिन्छ । जनचेतनाको अभाव, स्वास्थ्यको सहज पहुँच नहुनु तथा पारिवारिक मर्यादा र लाज ढाक्नका लागि महिलाहरुले अहिले पनि यस्तो समस्या लुकाउने गरेको पाइएको अर्यालको भनाइ छ ।

शिबिरमा स्वास्थ्य परीक्षणमा आएकामध्ये ५ सय २८ जनाको पाठेघरको परीक्षण गरिएको थियो । जसमा २८ जनामा शुरुवाती चरणको पाठेघरमा मुखको क्यान्सरको लक्षण भेटिएको छ । शिबिरबाट पहिचान गरिएका २८ जनाको ल्याव रिपोर्टमा (भिआईए) पोजेटिभ पाइएपछि निःशुल्क क्रायोथेरापी गराइएको थियो । जनचेतनाको अभाव, बदलिँदो सामाजिक परिबेश, रितिरिवाज, सामाजिक मर्यादा, पर्यावरणीय असरका साथै दैनिक खानपिनमा आएको फेरबदलले पनि बिशेष गरेर महिलाहरुको तल्लो पेटमा धेरै समस्या देखिएको शिबिरमा सहभागी चिकित्सकहरुले बताए ।

## श्रीमानले गरे श्रीमतीको किरिया

**डिल्लीराम घोर्साई**



**कनकाई, असोज ४।** झापा कनकाई नगरपालिका-५ टेक्राका एक व्यक्तिले आफ्नी श्रीमतीको निधनपछि काजकिरिको दशगात्र कार्य आफैं गरिरहेका छन् ।

कनकाई-५की ३७ बर्षीया अमृता पाठकको असामयिक निधन भएपछि उनका श्रीमान दीर्घराज पाठकले हिन्दू परम्परा अनुसार दशगात्र कर्म गरिरहेका छन् । सामान्यतः हिन्दू परम्परा अनुसार श्रीमतीको निधन पश्चात श्रीमानले दशगात्र कर्ममा बस्नु पर्दैन । तर, उनले श्रीमतीको किरिया गर्ने अधिकार आफ्नो पनि रहेको भन्दै दशगात्र कर्म गरिरहेका छन् ।

अमृताको गत भदौ २८ गते निधन भएपछि उनका जेठाजु डेगराज पाठक दशगात्र कर्ममा बस्ने तयारी भएको थियो तर, श्रीमानले आफैं बस्ने इच्छा जनाएपछि सबैको सहमति बनेको हो ।

मृतक अमृताका श्रीमानसँगै एक छोरी अंकिता र जेठानी दिदी तुलसा पनि दशगात्र कर्ममा सरिक छन् । उनका १२ बर्षीय छोरा अभिषेक उपनयन नभएका कारण दशगात्र कर्ममा सरिक भएका छैनन् ।

श्रीमतीको मायाकै कारण आफू दशगात्र कर्ममा बसेको उनले बताए । 'अमृताको मायाले नै गर्दा उनको काजकिरियामा आफैं बस्न मन लाग्यो'- गहभरि आँशु पार्दै उनले भने- श्रीमान मर्दा श्रीमतीले

*(बाँकी अन्तिम पृष्ठमा)*

## पौडी खेल्दा दुई बालकको मृत्यु

**झापा, असोज ४।** झापाको कमल गाउँपालिका-४ भुत्लुङखोलाको निर्माणाधीन कल्भर्टको लागि खनेको खाल्डोमा जमेको पानीमा पौडी खेल्ने क्रममा डुबेर दुई बालकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा भोजपुर गुराँसे घर भई हाल सोही स्थानमा हजुरबुबा ज्ञानेन्द्रकुमार तामाङको घरमा बस्दै आएका बर्ष १४का सुन्दर तामाङ र सोही स्थान बस्ने देवेन्द्र

*(बाँकी अन्तिम पृष्ठमा)*

बाल रोग विशेषज्ञ डाक्टर आउने बारेको सूचना
डा. धर्मपाल राय
MBBS, MD (Ped) K.U.
PGPN, Boston University (USA)
Traning in Ped. Asthma (IAP), (NMC 5550)
वरिष्ठ नवजात शिशु, बालरोग तथा बाल पोषण विशेषज्ञ
विहान ८ बजेदेखि ९ बजेसम्म बेलुका ५ बजेदेखि ७ बजेसम्म दैनिक सेवा
सम्पर्क: साथी मेडिको एण्ड साथी डाइगोनोष्टिक सेन्टर
भद्रपुररोड, बिर्तामोड, झापा (सिद्धार्थ बैंक अगाडि)
फोन नं. ०२३-५४६३६४, ५४४०१३, ९८२४०३८६१६

## 'सरकार कम्युनिष्ट पथमा'



**विर्तामोड, असोज ४।** नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाले सिंहदरबारको कार्यशैली परिवर्तन नगरेसम्म संविधान अनुसार जनताका पक्षमा काम हुन नसक्ने बताएका छन् ।

कांग्रेसको दोस्रो चरणको जागरणसभा अन्तरगत झापा क्षेत्र नम्बर-३ (ख) अन्तर्गत विर्तामोड नगरपालिकाको-१० नम्बर वडामा आयोजित कार्यक्रममा बोल्दै सिटौलाले दुईतिहाई बहुमतको डण्डा देखाएर संवैधानिक निकायहरुलाई वर्तमान सरकारले कम्युनिष्ट पार्टीको लाचार छायाँ बनाउन खोजेको आरोप लगाए । संघीय लोकतान्त्रिक प्रक्रिया अनुसार सत्तामा पुगेको कम्युनिष्ट सरकार संविधानको बाटोमा नहिँडेको बताउँदै नेता सिटौलाले भने- सरकार संविधानको बाटोमा नभई कम्युनिष्टको पथमा हिँड्न खोजेको छ ।'

सरकारले जनताका पक्षमा काम गर्न नसकेको कारण संविधानप्रति नै आक्रोश पोखिन थालेको टिप्पणी गर्दै सिटौलाले भने- 'सरकारको कार्यशैलीका कारण जनआक्रोश व्यवस्था र संविधानमाथि खनिन् थालेको छ ।' संविधान कागजी दस्तावेज मात्र भएको बताउँदै सिटौलाले सबै दल, सबै जाति, बर्ग समुदाय मिलेर ल्याएको संविधान कार्यान्वयनको जिम्मेवारी सरकारको भएको जनाए । कांग्रेस पार्टीभित्र पनि नेताहरुले आ-आफ्ना कमजोरी सच्याएर जनताको भावना समेट्नु पर्नेमा जोड दिँदै सिटौलाले भने- 'पार्टी संगठन आन्तरिक मामिलाबाट अघि बढ्नुपर्छ र नेतृत्वले पनि सबैलाई साथै लिएर हिँड्न सक्नुपर्छ ।'

सो अवसरमा युवा नेता डा. सुशील शर्मालाई सम्मान समेत गरिएको थियो । मदन गुरुङको सभापतित्वमा सम्पन्न कार्यक्रममा जागरण अभियानका केन्द्रीय प्रतिनिधि हसन अन्सारी, डा. शर्मा, खड्ग राजवंशी, क्षेत्रीय सहसभापति नवीन विमली लगायतले बोलेका थिए । कार्यक्रममा

*(बाँकी अन्तिम पृष्ठमा)*




बाथरोगका बिरामीहरूलाई खुशीको खबर
डा. अन्जल बिष्ट
M.B.B.S. M.D.(Internal Medicine)(NAMS)
Fellowship in Clinical Immunology and Rheumatology (GRIPMER New Delhi)
बाथरोग विशेषज्ञ
NMC-8013
यही असोज ७ गते मंगलवार विहान ११ बजेदेखि वीर अस्पताल काठमाडौंबाट आउँदै हुनुहुन्छ ।
डा. सुधिर गिरी
M.B.B.S. M.D. (Skin & V. D.) (T.U.T.H)
छाला(चर्म) यौन तथा कुष्ठ रोग विशेषज्ञ
NMC. No– 5344
दैनिक सेवा उपलब्ध छ ।
सम्पर्क: प्रान्जल फार्मेसी,
अन्धुवा पुल, उत्तर बिर्तामोड (०२३-५४४८२२, ९८४२६५४३२५)

सञ्जीवनी अस्पतालमा विशेष डाक्टरहरूको सेवा
डा. सीपी यादव
वरिष्ठ मुटु रोग विशेषज्ञ
अब २४ सै घण्टा
डा. दीपक पौडेल
वरिष्ठ नवजात शिशु तथा बाल रोग विशेषज्ञ
दैनिक सेवाहरुः
- बालरोग सेवा
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
- स्त्री तथा प्रसूति सेवा
- छाला तथा यौन रोग सेवा
- फिजिसियन (मधुमेह, प्रेसर, पेट, छाती तथा थाइराइड) सेवा
- नाक, कान, घाँटी रोग सेवा
- भिडियो एक्स-रे सेवा
नोटः ओपीडी सेवा, विहान ९ बजेदेखि ५ बजेसम्म । २४ सै घण्टा इमरजेन्सी तथा ICU सेवा
सञ्जीवनी अस्पताल प्रालि
बिर्तामोड-१, झापा (०२३-५४४२६०)

नेपालीहरुको लागि भरपर्दो सेवा
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर
Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को सम्पूर्ण पार्ट्सहरु १०% छुट गरिएको छ ।


यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ
निशान्त मोटसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली बायाँ साइड
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

# ‘कबड्डी कबड्डी कबड्डी’ को व्यापार राम्रो



शुक्रबारदेखि रिलिजमा आएको चलचित्र ‘कबड्डी कबड्डी कबड्डी’ले बम्पर व्यापार गरेको छ । शुक्रबार मात्र यो चलचित्रले १ करोड ४५ लाख माथिको व्यापार गरेको निर्माणपक्षले बताएको छ ।

देशभरका मल्टिप्लेक्सले शोज समेत बढाएका छन् । चलचित्रले २ दिनमै आफ्नो लगानी सुरक्षित गर्ने देखिएको छ । रामबाबु गुरुङ निर्देशित चलचित्रमा दयाहाङ राई, कर्मा, उपासना सिंह ठकुरी, वुद्धि तामाङ, बिजय बराल, बिल्सन विक्रम राई लगायतका कलाकारको मुख्य भूमिका छ ।

यसैबीच सिंगल र मल्टिप्लेक्स दुबैमा आक्रामक व्यापार गरिरहेको चलचित्रले नयाँ रेकर्ड बनाउने सम्भावना देखिएको छ ।

# ‘प्रहरीले नेताको घर धाउन अन्त्य हुन्छ’



**झापा, असोज ४ ।** प्रदेश नं. १का आन्तरिक मामिला तथा कानूनमन्त्री हिक्मत कार्कीले आगामी हिउँदे अधिवेशनमा प्रदेशको प्रहरी ऐन बनाइने बताएका छन् ।

झापाको चन्द्रगढीमा शनिवार ‘संविधान कार्यान्वयनको अवस्था’ विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै उनले प्रदेश ऐन बनेपछि प्रदेशको शान्ति, सुरक्षा सोही बमोजिम हुने बताए ।

हालसम्म प्रदेश सरकारले ४१ वटा कानून बनाइसकेको मन्त्री कार्कीले जानकारी दिए । उनले अब बन्ने प्रहरी ऐनमा कार्यक्षमताका आधारमा सरुवा, बढुवा र पदक प्राप्तिको प्रष्ट व्यवस्था हुने उल्लेख गरे । सोर्सफोर्सको आधारमा प्रहरीलाई राम्रा ठाउँमा सरुवा गरिने परिपाटी अत्यन्त गलत छ- मन्त्री कार्कीले भने- प्रहरी ऐन बनेपछि बढुवा र पदकका लागि नेताको घर धाउने प्रवृत्तिको पनि अन्त्य हुनेछ ।

एक फरक प्रसंगमा उनले भने- संविधान अनुसार बनेका सरकारका मन्त्री र स्थानीय तहका जनप्रतिनिधिलाई संविधान नमान्ने छुट हुँदैन । मन्त्री कार्कीले जनताले गरेको शान्तिपूर्ण विरोध र आलोचनालाई रोक्ने र छेक्ने काम नगर्नसमेत आग्रह गरे । उनले त्यही संविधानको आधारमा निर्वाचित हुने, तलबभत्ता लगायत सुविधा लिने, गाडी चढ्ने र झण्डा हल्लाउँदै संविधानको बिरोध गर्ने जो कोहीलाई समेत छाड्न नहुने बताए ।

कार्यक्रममा संविधानविद् तथा अधिवक्ता टीकाराम भट्टराईले वर्तमान संविधान मुलुक बनाउने आधार भएको हुँदा गाउँ बस्तीसम्म पुगेर संविधानबारे जनतालाई बुझाउन अझै पनि सरकार र राजनीतिक दलले नसकेको बताए । उनले स्थानीय तहले ऐन मात्र बनाएर कार्यविधि नबनाई काम गर्दा कतिपय स्थानमा समस्या आएको बताए ।

संविधान तथा राष्ट्रिय दिवस जिल्ला समारोह समितिको आयोजनामा भएको उक्त अन्तरक्रिया कार्यक्रमको अध्यक्षता जिल्ला समन्वय समितिका प्रमुख सोमनाथ पोर्तेलले गरेका थिए ।

# पाँचथरमा नेकपा उपाध्यक्षसहित १५० कांग्रेसमा



**पाँचथर, असोज ४।** पाँचथर जिल्लाको मिक्लाजुङ गाउँपालिकाको दशमी बजारमा आयोजित कांग्रेसको दोस्रो राष्ट्रिय जागरण अभियान अन्तर्गत आयोजित सभामा नेकपाका पूर्व गाविस उपाध्यक्षसहित एक सय ५० नेता कार्यकर्ता कांग्रेसमा प्रवेश गरेका छन् ।

पाँचथरको प्रदेश ख मा आयोजित कार्यक्रममा प्रमुख अतिथि कांग्रेस केन्द्रीय सदस्य तथा अनुशासन समिति संयोजक भीष्मराज आङ्देम्बे र विशेष अतिथि जागरण अभियानका केन्द्रीय प्रतिनिधि देउकुमार थेवेले नवप्रवेशी कार्यकर्तालाई खादा र अविर लगाएर स्वागत गर्दै सदस्यता प्रदान गरेका थिए ।

रवीन्द्र राईको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रमुख अथिति आङ्देम्बे, विशेष अतिथि थेबे, नेपाली कांग्रेस पाँचथर सभापति नरेन्द्र केरुङ, तुम्बेवा गाउँपालिका अध्यक्ष होम थापा, जिल्ला उपसभापति मित्र काफ्ले, जिल्ला सचिवद्वय बृजहाङ आङ्देम्बे, रुपनारायण जबेगू, जिल्ला कोषाध्यक्ष जयकुमार ढकाल, पूर्व क्षेत्रीय अध्यक्ष खड्गसुन्दर लावती, महिलानेतृ मैयादेवी श्रेष्ठ लावती, सुनमाया राई, तरुण दल अध्यक्ष सुमन लामा, नेबिसंघ नेता याम भुजेल, शिक्षक संघ केन्द्रीय सदस्य खड्ग थापा, जिल्ला सदस्यहरु डेकेन्द्र तामाङ, टंक पौडेल, पाँचथर काठमाडौं सम्पर्क समिति सभापति निर्मल रिजाललगायतले सहजीकरण गरेको कार्यक्रमको सञ्चालन सफल राईले गरेका थिए ।

# कचनकवलमा ट्रेड युनियन कांग्रेस

**विर्तामोड, असोज ४।** नेपाल ट्रेड युनियन कांग्रेसको कचनकबल गाउँ समिति गठन भएको छ ।

सञ्जीव प्रधानको अध्यक्षतामा गठित समितिको उपाध्यक्षमा मनोज माझी, महिला उपाध्यक्षमा राधा राजवंशी, सचिवमा लालदास चौहान, सहसचिवमा खन्दलाल राजवंशी र कोषाध्यक्षमा हिमा राजवंशी चयन भएका छन् ।

गठित समितिको सदस्यहरुमा लखन माझी, सञ्जालाल राजवंशी, पवनलाल राजवंशी, परेन ठाकुर, समिआला वेगम, पूर्णिमा राजवंशी, कृष्ण माझी, अमृत थापा, तेजनारायण राजवंशी, भूवनेश्वर राजवंशी र केशरीकुमारी मगर रहेका छन् ।

कार्यक्रमका प्रमुख अतिथि तथा नेपाली कांग्रेसका पूर्व महामन्त्री तथा पूर्वगृहमन्त्री कृष्णप्रसाद सिटौलाले नवगठित समितिलाई बधाई दिँदै मजदुरका अधिकारहरु संविधानले ग्यारेन्टी गरेको बताउँदै संविधान प्रदत्त अधिकार प्राप्तिका लागि मजदुर एकतामा जोड दिए ।

संघीय संरचनासँगै स्थानीय सरकार गाउँगाउँमा आएपनि स्थानीय, प्रदेश र संघीय सरकारका जनप्रतिनिधिहरु सुविधाभोगी हुन थालेको भन्दै नेता सिटौलाले पार्टीको घोषणापत्र अनुसार नभई संविधान अनुसार चल्न जनप्रतिनिधिलाई सचेत गराए ।

नेपाल ट्रेड युनियन कांग्रेस झापाका सभापति यज्ञप्रताप अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल चिया बगान श्रमिक संघका अध्यक्ष दीपक तामाङ, दीपक प्रधान, भूमि राजवंशी, मेघराज बास्तोला, गणेश पोखरेल, कालेन्द्र राजवंशी, चिन्तामणि खरेल, गीताप्रसाद भट्टराई, तुलाराम अधिकारीलगायतले बोलेका थिए । लालदास चौहानले स्वागत गरेको कार्यक्रमको सञ्चालन राजकुमारी सेर्पा राईले गरेकी थिइन् ।

# चाडपर्वमा आवतजावत सहज बनाउन भारतीय पक्ष सहमत

**झापा, असोज ४।** नजिकिँदै गरेको दशैं, तिहार र छठजस्ता मुख्य चाडपर्वका बेला भारतबाट रोजगारी गरेर फर्किने नेपालीको सीमा क्षेत्रमा सहज र सुरक्षित आवागमनका लागि भारतीय पक्षले सहयोग गर्ने प्रतिबद्धता जनाएको छ ।

शनिबार भारतको गौरीफन्टामा भएको दुई देशबीचको सीमा सुरक्षा समन्वय बैठकमा भारतकातर्फबाट सहभागी सीमा सुरक्षा बल ( एसएसबी), भारतीय कष्टम तथा अन्य निकायले चाडपर्वका बेला घर फर्किने नेपालीको यात्रा सुरक्षित बनाउन सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको सशस्त्र प्रहरी बल नेपाल नं. ३५ गण झलारीका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक वीरसिंह साहूले जानकारी दिए । उनले चाडपर्व लक्षित नेपाल-भारत सीमा क्षेत्रमा उच्च सुरक्षा कार्यक्रम लागू गर्ने विषयमा पनि दुबै पक्षबीच छलफल र समन्वय भएको बताए ।

चाडपर्वका बेला सीमाक्षेत्रमा नेपालीहरु लुटिने र ठगिने क्रम भएका विगतका घटनालाई मध्यनजर गर्दै हामीले सीमावर्ती भारतीय सुरक्षा निकायसँग सुरक्षित आवागमनका लागि पहल शुरु गरेका छौं- सशस्त्र प्रहरी उपरीक्षक साहुले भने- सीमा क्षेत्रमा हुने लागूऔषध र मानव बेचबिखन नियन्त्रणका लागि पनि दुवै देशका सुरक्षा निकायबीच गस्ती र सतर्कता बढाउने सहमति भएको छ ।

ब्रह्मदेव, दोधारा, चादँनी र गड्डाचौकीमा भएको संयुक्त हेल्प डेस्कलाई थप प्रभावकारी बनाइने सहमति भएको छ- उनले भने- नागरिकको बढी आवातजावत हुने सीमानामा थप हेल्प डेस्क राख्ने तयारीमा छौं । उनले सीमा क्षेत्रमा सशस्त्र प्रहरी र एसएसबीको संयुक्त गस्ती समेत हुँदै आएको बताउँदै पर्वलाई लक्षित गरी सीमा क्षेत्रमा थप सतर्कता अपनाउनुका साथै नयाँ सुरक्षा योजना ल्याइने जानकारी दिए ।

# कनकाई गायत्रीमा विव्यस

**सुरुङ्गा, असोज ४ ।** कनकाई-४ कोटीहोमस्थित कनकाई गायत्री प्राथमिक विद्यालयको विद्यालय व्यवस्थापन समिति गठन भएको छ ।

विद्यालयमा सम्पन्न अभिभावक भेलाले स्थानीय समाजसेवी व्यक्तित्व रवीन भट्टराई अध्यक्ष रहेको ९ सदस्यीय विद्यालय व्यवस्थापन समिति गठन गरेको हो । समितिका सदस्यहरुमा गीता कडरिया, गीता प्रसाई, राजकुमार विक, मुना सिटौला, सुशीला मगर, रोशन सुवेदी र देवीमाया नेपाल चयन भएका छन् । ३ वर्षे कार्यकालका गठित समितिको सदस्य सचिवमा प्रधानाध्यापक जनार्दन पोखरेल रहेका छन् ।


## कर्मचारी आवश्यकता

१) **मेकानिकल अटो मोवाइल इञ्जिनियर** : १ जना
२) **सेल्स अफिसर (ट्याक्टर)**: ४ जना (बनियानी, कुमरखोद, खुदुनावारी, राजगढ क्षेत्र)
३) **सेल्स अफिसर (अशोक लेल्याण्ड)** : २ जना (दमक, बिर्तामोड क्षेत्र)
४) **स्पेयर्स इञ्चार्ज**: १ जना
५) **मेकानिक ट्याक्टर**: ३ जना
५) **मेकानिक (3 wheelers, TVs टेम्पो )**: २ जना

- अनुभव, स्थानीय र मोटरसाइकल तथा मोटरसाइकल लाइसेन्स भएको हुनुपर्ने ।
- तलब संस्थाको नियमानुसार आपसी समझदारीमा तय गरिनेछ ।
- दरखास्त दिने मितिः २०७६ असोज ५ गतेदेखि
- दरखास्त दिने अन्तिम मितिः २०७६ असोज ११ गतेसम्म बेलुका ५ बजेसम्म

**सहारा अटोमोवाइल्स एण्ड कम्पनी प्रा.लि. तथा**
**सहारा कृषि अनुसन्धान तथा विकास कम्पनी प्रा.लि.**
बिर्तामोड-२, चारपाने
फोनः ०२३-५४६५७२, मो. ९८०१४१७९६१, ९८०१४०९९६९, ९८०१४१६२०१
इमेल : saharakrishi.btm@gmail.com


## सूचना

श्री बुद्ध आदर्श मावि बुद्धशान्ति-१, झापाले आफ्नो स्थापनाकालदेखि हालसम्मको इतिहासलाई समेटेर आधिकारिक दस्तावेज स्मारिका प्रकाशन गर्न लागेको सन्दर्भमा स्मारिका प्रकाशनको कार्य अन्तिम चरणमा पुऱ्याएकोले विद्यालयसँग सम्बन्धित जानकारी, फोटो तथा तथ्यांक सार्वजनिक सूचना प्रकाशिन गरी माग गर्ने भन्ने विद्यालय व्यवस्थापन समितिको मिति २०७६। ०४। ०७को बैठकको निर्णय गरे अनुसार २०७६।०४।२४मा सरोकारवालाहरुको आमभेलाबाट राय, सुझाव तथा जानकारी संलग्न भई सकेकोले बाँकी केही राय सुझाव तथा जानकारी भए मिति २०७६।०६।१० गतेसम्ममा विद्यालयमा उपलब्ध गराई सहयोग गरिदिनुहुन अन्तिमपटक यो सूचना प्रकाशित गरिएको छ ।

**मनोरथ तिवारीः अध्यक्ष** ९८५२६२६३५५
**कृष्णराज भण्डारीः प्रधानाध्यापक** ९८५२६८२४१०

**श्री बुद्ध आदर्श माध्यमिक विद्यालय, बुद्धशान्ति-१, झापा**

## विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको सूचना

यस नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र अन्तर्गतका तपशिल बमोजिमका स्थानमा तपशिल बमोजिमको समय विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधाप्रति नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र क्षमा प्रार्थी छ ।

| मिति | फिडरको नाम | स्थान | समय | कारण | कैफियत |
|---|---|---|---|---|---|
| २०७६।६।०५ | ११ केभी गरामनी फिडर तथा शनिश्चरे फिडर | अनारमनी वितरण केन्द्र अन्तर्गतको बिर्ताबजार विराटपोखरदेखि पश्चिम लालमाटी तथा शनिश्चरे बजार हुँदै अर्जुनधारा- ६, ७, ९का महानन्दचोकदेखि शनिश्चरे बजारसम्म, खरिहाट, खानेपानी हुँदै गोलधाप बाह्रघरे क्षेत्र सबै | विहान ७:०० बजेदेखि दिउँसो ५ बजेसम्म | बुस कटिङ तथा लाइन मर्मत कार्य | उल्लेखित समय भन्दा १ घण्टा अघि वा पछि हुन सक्नेछ । |

नेपाल विद्युत् प्राधिकरण
**अनारमनी वितरण केन्द्र, बिर्तामोड, झापा**

# झापामा ...

नियन्त्रण व्यूरो नै परिचालन भए पनि भारतको पानीट्यांकी, नक्सलबाडी र शिलगढीसम्म पुगेर कारोबारीले विभिन्न वहानामा लागूऔषध नेपाल भित्र्याउने गरेका छन् । बिर्तामोडलाई लागूऔषधको ट्रान्जिट पोइन्ट बनाइएको छ भने काँकरभिट्टाबाट सिधै काठमाडौंसम्म लागूऔषध पुऱ्याउने गरेको बताइएको छ । पछिल्लो समय बिर्तामोडमा प्रहरीले लागूऔषध कारोबारमा संलग्न गिरोहलाई कारसहित नियन्त्रणमा लिए पनि लागूऔषध ओसारपसार गर्ने क्रम भने रोकिएको छैन ।

भद्रपुर, राजगढ, झापा बजार लगायतका क्षेत्रमा समेत कारोबारीले लागूऔषधको ‘डिलर’ नै सञ्चालन गरेका छन् । भारतीय कारोबारीसँग मिलेर उनीहरुले उक्त स्थानमा लागूऔषध राख्ने र नेपालका कारोबारीमार्फत बिर्तामोडमा ल्याउँदै अन्यत्र पठाउने गरेको खुलेको छ । पछिल्लो समय औषधि व्यवसायीले समेत कोरेक्स नामको लागूऔषध बेच्ने गरेको बताइन्छ । त्यस्तै फर्निचर उद्योगमा प्रयोग हुने डेनड्राइट समेत खुलेआम रुपमा औषधि पसलदेखि पुस्तक पसलसम्मले विक्री गर्ने गरेको बुझिएको छ ।

# पौडी खेल्दा ...

बुढाथोकीका छोरा बर्ष ११का क्रेडिड बुढाथोकी शुक्रबार दिउँसो घरमा कसैलाई जानकारी नगराई पौडी खेल्न गएको र साँझसम्म पनि घर नआएपछि खोजतलास गर्ने क्रममा पानीमा डुबिरहेको अवस्थामा स्थानीयले देखेपछि प्रहरीलाई खबर गरेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

घटनाबारे जानकारी पाउनासाथ इलाका प्रहरी कार्यालय दमकबाट गएको प्रहरीको टोलीले आवश्यक अनुसन्धान तथा कानूनी प्रकृया पूरा गरेको बताइएको छ ।

# सरकार ...

नेकपाका क्रियाशील सदस्यसहित ४०भन्दा बढीले अन्यपार्टी छोडेर कांग्रेसमा प्रवेश गरेको अध्यक्ष मदन गुरुङले जानकारी दिए । दूर्योधन गुरुङले स्वागत गरेको कार्यक्रमको सञ्चालन रुद्रप्रसाद खतिवडाले गरेका थिए ।

# श्रीमानले ...

किरिया गर्नुपर्छ भने श्रीमती मर्दा चाहिँ हामी पुरुषले किरिया गर्दा के हुन्छ ? श्रीमतीको दशगात्र कर्ममा बसेर दीर्घराजले एक उदाहरणीय कार्य गरेको स्थानीय अग्रज गोविन्दबहादुर कार्कीले बताए । कार्की मात्र होइन, पुरै गाउँबासी नै दीर्घराजको निर्णयबाट खुशी देखिन्छन् । श्रीमतीको निधन पश्चात काजकिरियाका लागि श्रीमानको कुनै भूमिका नहुने परम्पराको अन्त्य हुनुपर्ने स्थानीयको सुझाव समेत रहेको छ ।

यता वैदिक सनातन धर्म संरक्षण समितिका अध्यक्ष लक्ष्मी प्रसाद खतिवडाले श्रीमतीको किरिया श्रीमानले गर्दा हिन्दूशास्त्रमा कुनै बाधा नहुने तथा दशगात्रको सम्पूर्ण कार्य सफल हुने उल्लेख गरेको छ । उनले श्रीमतीको काजकिरिया श्रीमानले गर्नु यस समाजका लागि उदाहरणीय कार्य भएको समेत बताए ।





## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : हेमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल
सम्पादकीय

# विभूषण ओजहीन नहोस्

समाज तथा राष्ट्रको हित हुने काम गर्ने व्यक्ति जहिल्यै सम्मानित हुन्छन् । ति चाहे पेशाकर्मी हुन्, व्यवसायी, उद्योगी, समाज लक्षित काम गर्ने वा परहितलाई सर्वस्व ठान्ने सबै समाजको आँखामा रहन्छन् । उनीहरुको सेवा, त्याग र समर्पण समाज रुपान्तरणका लागि सहायक हुन्छ र राष्ट्रियोत्थानमा सहयोगी हुन्छ । त्यस्ता व्यक्ति, व्यक्तित्व वा संस्थाहरुलाई उनीहरुको कर्मको उच्च सम्मानसहित पुरस्कार, पदक वा कदरपत्रद्वारा सम्मान गर्ने प्रचलन विश्वभरि नै छ र हुन्छ । त्यस्तो सम्मान राष्ट्रिय पर्व वा उत्सवको अवसरमा प्रदान गरिन्छ, जुन चलन हामीकहाँ पनि छ ।

पञ्चायतकालदेखि बहुदलीय हुँदै संघीय गणतन्त्रात्मक राज्य व्यवस्थासम्म आइपुग्दा लोकोपकारी, समाज उपयोगी तथा राष्ट्रिय हितमा निष्पृह सेवा प्रदान गर्ने व्यक्ति व्यक्तित्वहरु सम्मानित भइरहेका छन् । उनीहरुको सेवा, योगदान र कर्मठताको पहिचान गर्न राज्यले संयन्त्र नै बनाउँछ । विभुषण छनोट समितिले निर्धारित मापदण्ड अनुसार राजनीतिक, सामाजिक सेवा, आर्थिक, शान्ति सुरक्षा र प्रशासन, शिक्षा, स्वास्थ्य, सूचना, सञ्चार, विज्ञान, अन्वेषण, अनुसन्धान, भाषा, कला, साहित्य र संस्कृति, खेलकुद र राष्ट्रिय जीवनका अन्य महत्वपूर्ण क्षेत्र रहेका छन् । पुरस्कार र सम्मान प्रदान गरेर उनीहरुलाई आ–आफ्नो क्षेत्रमा अझ ऊर्जाशील बनाउन र राष्ट्रको तर्फबाट आभार प्रकट गर्न यस्तो व्यवस्था गरिएको हो । यस्तो सम्मान दिने परम्पराले नयाँ पुस्तालाई पनि आ–आफ्नो क्षेत्रमा समर्पित भएर सेवा प्रदान गर्न प्रेरणा दिने विश्वास गरिन्छ ।

संघीय गणतन्त्रात्मक शासन व्यवस्था पछिका यस्ता सम्मान वा पुरस्कारहरु ओजहीन बन्न थालेका छन् । विगतका नामहरु हटाएर नयाँ नामकरण गरिएका मान, पदवी र अलंकार सत्ताका आसेपासे, धुपौरे, भजनमण्डलीमा मात्र सीमिति रहन थालेको टिप्पणी हुनुले सम्मानप्रतिको आस्था र आकर्षण घटेको छ । त्यसमा यस वर्ष आफैंद्वारा निर्मित 'विभुषण सिकारिस कार्यविधि एवम् प्रदान सम्बन्धी मापदण्ड २०७५' विरुद्ध छनौट समितिले नेकपा निकटलाई छानी–छानी विभुषण दिने घोषणा गर्‍यो । यसपटक विभिन्न क्षेत्रका गरी छ सय चौतीस जनालाई विभुषण तथा अलंकार प्रदान गर्ने घोषणा गरिएको छ । उपप्रधानमन्त्री ईश्वरा पोखरेलको संयोजकत्वमा रहेको विभुषण सिफारिस समिति गरेको प्रस्तावमा मन्त्रिपरिषद्ले निर्णय गर्दै राष्ट्रपतिद्वारा चार सय पचास मान पदवी, एक सय छप्पन्न अलंकार र अठ्ठाइस पदक प्रदान गर्ने घोषणा गरियो ।

गीता हाम्रो प्रमुख ग्रन्थ हो । गीतामा भगवान कृष्णले उपदेश दिँदै अर्जुनलाई भन्नुहुन्छ कि– कर्म गर फलको आशा नगर । नेपाली त्यही आदर्शबाट अनुप्रणित छन् । त्यहीकारण आ–आफ्ना जिम्माको काम भइरहेकै हुन्छ । त्यसमध्ये पनि जसका कारण समाज वा समाज सापेक्ष क्षेत्र बढी गतिशील, उन्नत र मावहितमा छ भन्ने मूल्यांकन हुन्छ तब त्यो व्यक्ति वा संस्था सम्मानित हुन्छ । तर, हामीकहाँ प्रधानमन्त्री र प्रधानमन्त्री नजिकका व्यक्तिहरु मापदण्ड विपरीत सम्मानित हुने भएका छन् । तिनका पनि प्रधानमन्त्रीका उपचारमा संलग्न देशी–विदेशी चिकित्सकहरु र नेकपा पक्षधरहरु अधिक छन् । देशका दुर्गम तथा ग्रामीण क्षेत्रमा सेवा गर्नेहरु छनौट समितिको नजरमा नपर्नु, मापदण्डले निर्धारण गरेको कोटा विपरीत निर्णय गर्नु र 'आफ्नै हात जगन्नाथ' भएको देखिनुले विभूषणहरुको ओज वर्षेनि घट्दै गएको छ । यसका कारण राष्ट्रसेवक कर्मचारी हुन् वा समर्पित भावले समाजसेवामा संलग्न वा कर्मठ सेवक सबैमा निराशा देखिने खतरा बढेको छ । सरकार सबैको अभिभावक भन्ने विश्वास कमजोर भएको छ । यसले किमार्थ राष्ट्रको भलो गर्दैन, सञ्चालकहरुले मनन् गर्नैपर्छ ।

सामाजिक सञ्जाल



वाइडबडी र एनसेल प्रकरणमा अर्बौं रुपैयाँको भ्रष्टाचार भइरहेको छ । त्यसको छानबिन गर्न राज्य उदासिन छ । तर, सरकार अति सामान्य कुराका लागि पनि बिदेशीहरुसँग अनुदान मागेर राज्य चलाउँदै छ । देशका लागि यो भन्दा दुर्भाग्य के हुन सक्छ ?

**– डा. शेखर कोइराला**



भुटान र म्यानमार समेतका बासिन्दा नेपाल भित्रिए झैं भारतको आसाममा नागरिकता नपाउने भनिएकाहरू कतै नेपाल नओइरिउन भन्नेतर्फ सरकार सजग हुनु उचित होला । यसोभन्दा नागरिकता र आप्रवासी नीति राष्ट्रिय हितमा कडा गर्नुपर्छ भन्नु 'खोक्रो राष्ट्रवाद' भयो भनी कोही बुर्लुक्क उफ्रिने हुन् कि ?

**– भीम रावल**



देशले नागरिकलाई लिङ्गका आधारमा विभेद गर्न हुन्न । अधिकार बढाएर मात्र होइन, घटाएर पनि समान बनाउन सकिन्छ । बुहारी वा ज्वाइँलाई वैवाहिक अंगिकृत नागरिकता दिने वा जागीर खानसम्म सकिने स्थायी बसोबासको अधिकार मात्र दिने भन्ने पनि बहस होस् ! जे होस्, नियम दुवैलाई समान होस् !

**– रामेश**

# सभ्यता, संस्कृति र एकताका प्रतीक : नेपाली चाडपर्व



पूर्णबहादुर कटुवाल

> समाज र सभ्यताबीच मानवीय व्यवहार र पुराना मान्यताबीच अनि संस्कृति र चाडपर्वबीच गाढा सम्बन्ध रहेको हुन्छ। चाडपर्व हाम्रा संस्कृति, संस्कार र सभ्यताका पहिचान हुन्। जसले हामीलाई श्रेष्ठ प्राणीका रुपमा विकास गरेको हुन्छ। संस्कार चाडपर्वले र सभ्यताले मानिसलाई प्रगतिको पथमा अघि प्रेरणा दिएको छ। यसैले यो धरती भोलिको सन्ततीलाई पनि चाहिन्छ।

नेपाल बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक मुलुक हो। यही विशेषताभित्र हुर्किएका हाम्रा संस्कृति बहुमूल्य निधि मात्र होइनन्, सभ्यता संस्कृति र एकताका प्रतीक समेत सावित भएका छन्। विविधतायुक्त नेपाली संस्कृतिभित्रका अनेकौ चाडपर्वमध्ये एउटा महत्वपूर्ण पर्व हो- जितिया पर्व अर्थात् जितिया पावनी।

आज आश्विन ५, आश्विन कृष्ण पक्षको सप्तमी। आजैबाट तीन दिन अर्थात् नवमी तिथिसम्म मिथिला प्रदेशमा वैदिक सनातन हिन्दू रित र संस्कृति अनुसार मैथिल संस्कृतिमा आधारित जितिया पर्व धुमधामका साथ मनाइँदैछ। मिथिला क्षेत्र तथा भारतका विभिन्न स्थानमा जितिया पर्वका रुपमा मनाइँने यो पर्व नेपालकै नवलपरासी र चितवनका थारु समुदायमा जितिया पावनीका नामवाट मनाइँदैछ। विशेषतः यो पर्व मधेशी मूलका विवाहित नारीहरुले मात्र मनाउने प्रचलन छ। यसदिन नारीले आफ्ना सन्तानको सुख, शान्ति, समृद्धि र प्रगतिको कामना गर्दै बिहान सबेरै नजिकैको नदी तथा तलाउमा गई स्नान गरी भगवानलाई तोरीको तेल चढाएर दिनभर निर्जल अर्थात् पानी पनि नखाई व्रत बस्ने गरिन्छ। जितियाको पहिलो दिनलाई मुख्य दिनका रुपमा लिइन्छ। यसदिन पौराणिक देवता जितवानको कथा सुनाउने र सुन्ने गरिन्छ भने रातको समयमा देवताको पूजा आराधना गरिन्छ। मैथिल समुदायमा जितियाको कथा महिलाले मात्र सुन्ने चलन छ।

यही पर्वलाई थारु समुदायमा जितिया पावनीको रुपमा भगवान शिव, कृष्ण र सूर्यको पूजा आराधना गरी मनाइन्छ। जितियाको पहिलो दिन भगवानलाई शुद्ध तोरीको तेल, दोस्रो दिन खर र तेस्रो दिन पारायणका नामले पुकार्दै मनोकांक्षा पूर्णताको कामना गरिन्छ। समय परिवर्तनसँगै पर्वको अन्तिम दिन आधुनिक शैलीमा सामुहिक रुपमा नाचगान, खानपान गर्ने तथा शुभकामना आदान-प्रदान गर्ने गरिन्छ। सदियौंदेखि हिन्दू परम्परा, संस्कार र संस्कृतिमा आधारित यस पर्वले मैथिली समुदायमा एकता, सद्भाव र भाइचाराको प्रतिविम्वन गर्दछ। यस पर्वले नेपाली संस्कार र संस्कृतिलाई जीवन्त पनि बनाएको छ। यस पर्वले आफ्नो समुदाय, परिवार लगायत समग्र मानव जगतकै कल्याण र सुखशान्ति तथा सामाजिक सद्भाव कायम गर्न योगदान पुग्ने मनोवैज्ञानिक कारण रहेको विद्वानहरु विश्वास गर्छन्।

जितिया पर्व त प्रतिनिधि पर्व मात्र हो, नेपालमा यति धेरै पर्व, उत्सव संस्कृति र संस्कार छन् जसले नेपालीको विशिष्टता, एकता र सद्भावको सेतुको रुपमा रहेका छन्। आधुनिकीकरणका नामले धर्म, संस्कृति र परम्परामा सकारात्मक परिवर्तन देखिए पनि आपसी सद्भावलाई बलियो बनाउने आधारका रुपमा वैदिककालदेखि विकसित हाम्रा नेपाली चाडपर्व नेपालीका पहिचान र परिचायक बनेका छन्। धार्मिक स्वतन्त्रताबीच बाँचेका जातीय, क्षेत्रीय र राष्ट्रिय चाडपर्वले नेपालीलाई एकताको सूत्रमा बाँध्न महत्वपूर्ण योगदान पुर्‍याएका छन्। परिवर्तन र आधुनिकीकरणका नाममा देखिएका विकृतशैलीले संस्कृतिको संरक्षणमा प्रश्न उठाइरहेका बेला पनि हाम्रा पर्वले खबरदारी गरिरहेका छन्।

धार्मिक रुपमा मात्र होइन, सामाजिक सांस्कृतिक र मनोवैज्ञानिक रुपमा समेत नेपाली चावडपर्वले अत्यन्तै ठूलो महत्व राखेका छन्। धर्मसँग गाँसेर हेर्नुपर्दा नेपाली पर्वहरुलाई परमपरा र संस्कृतिका रुपमा विकास भएका छन्। नेपाली परम्पराले सामाजिक र सांस्कृतिक रुपमा नेपालीको एकतालाई सदियौंदेखि चीरकाल पर्यन्त एकताको सूत्रमा बाँध्ने र नेपालीको गौरवलाई जीवन्त बनाउने प्रण गरेका छन्। अनादीकालदेखि नेपाली भूमिमा जन्मिएका विभिन्न धर्म, सम्प्रदाय र त्यसभित्र विकास भएका मौलिक चाडपर्व नै नेपालीका परिचायक हुन्, भातृत्व र सद्भावका धरोहर हुन्।

मानिस समाजमा समायोजित हुन सक्ने भएकोले नै सामाजिक प्राणी भनिएको हो। पृथ्वीतल र चराचर जगतका लाखौं प्राणीभन्दा मानिसको स्वभाव फरक हुनु नै उसको वैशिष्टियता हो। मानिस सामाजिक परिवेशमा जन्मन्छ, हुर्कन्छ र साखासन्तानको हाँगाबिगा हाल्दै, मौलाउँदै अघि बढ्छ, यो प्राकृतिक नियम नै हो। मानिसले नै पितापुर्खाको पालादेखि प्रचलित मानवीय व्यवहार र कर्तव्यलाई संगालेर राखेको हुन्छ। यही नै मानिसको अस्तित्वको मुख्य सम्पत्ति पनि हो। यही धार्मिक, सांस्कृतिक सम्पत्ति एक पुस्तादेखि अर्को पुस्तासम्म हस्तान्तरित हुँदै जान्छ। समाज र सभ्यताको विकास हुँदै जान्छ। यिनै एक पुस्ताबाट अर्को पुस्तासम्म हस्तान्तरण हुने व्यवहार, स्वभाव, मूल्यमान्यता नै हाम्रा निधि हुन्। यिनले नै समाजलाई समायानुकूल समायोजित हुँदै बदलिँदो परिवेश अनुसार विकसित र सभ्य बनाउँदै लैजान्छ। हाम्रा अग्रजका क्रियाकलापमा व्यवहार र आचारणले नै कैयौं संस्कार र संस्कृतिको जन्म हुन्छ र भएको छ। यिनै व्यवहार वर्तमान संस्कार र संस्कृतिको अन्तरसम्बन्ध राख्छन्।

मानिसलाई एकताको सूत्रमा बाँध्ने सद्व्यवहारले नै संस्कार र संस्कृतिलाई अघि बढाउँछन् र चाडपर्वको जन्म हुन्छ। त्यसकारण हाम्रा पूर्वजका मानवीय सभ्यता, संस्कार, संस्कृति र चालचलन चाडपर्वका जननी हुन्। समाज र सभ्यताबीच मानवीय व्यवहार र पुराना मान्यताबीच अनि संस्कृति र चाडपर्वबीच गाढा सम्बन्ध रहेको हुन्छ। चाडपर्व हाम्रा संस्कृति, संस्कार र सभ्यताका पहिचान हुन्। जसले हामीलाई श्रेष्ठ प्राणीका रुपमा विकास गरेको हुन्छ। संस्कार चाडपर्वले र सभ्यताले मानिसलाई प्रगतिको पथमा अघि प्रेरणा दिएको छ। यसैले यो धरती भोलिको सन्ततीलाई पनि चाहिन्छ। हामीले हरेक कुराको संरक्षण गर्नुपर्छ भन्ने मान्यताको विकास भएर नै हाम्रा पितापुर्खाको देन हामीले रसास्वादन गरिरहेका छौं। यही परम्परा हामीले पनि भावीपुस्तालाई छाडी दिने हो, यो निरन्तरता नै अनन्तकालसम्मको मानवीय मानवको पहिचान र जगतको अस्तित्व पनि हो।



सन्दर्भ : जितिया पर्व

चाडपर्वले मानिसलाई एक्लोपन, उदासीनता, उद्देश्यहीनताबाट जोगाउँदै एकताबद्ध भई मिलेर सद्भाव र सभ्यताको विकास गर्दै, साममाजिक सहिष्णुता कायम गर्न र आपसमा भाइचारा कायम गर्न सहयोग गरेको छ। हाम्रा चाडपर्वले प्रत्येक नातालाई मजबुत बनाउँदै प्रत्येक प्राणीलाई प्रेम गर्न सिकाएको छ। अनि फरक-फरक समुदायबीचको एकतालाई बलियो बनाएको छ। पछिल्लो समयमा पाश्चात्य संस्कृतिको अनुकरणले नेपाली सभ्यता र संस्कृतिलाई विकृत बनाउँदै लगेको छ। विदेशी सभ्यता र संस्कृतिको नांगो हस्तक्षेप बढ्दो अवस्थामा छ। हामीबीचका सहिष्णुता, दयालुपन, श्रद्धालुपन, मायालुपन, कृपालुपनमा तुषारापात हुँदैछ। नेपाली विशिष्टतामाथि तिरष्कृत व्यवहार राष्ट्रिय वा अन्तर्राष्ट्रियस्तरबाटै सह्य र मान्य हुन सक्दैन। नेपाली चाडपर्वले कसैको नोक्सान गर्ने नभई मानवमात्रको संरक्षण र अस्तित्वलाई बचाएर राख्ने महत्वपूर्ण आधार हो। विकसित पश्चिमा संस्कृतिमा देखिएको नैराश्यता, एक्लोपन, र स्वार्थभावलाई हाम्रा एकताका सूत्र मानिएका चाडपर्व र संस्कारलाई अझ समृद्ध, संगठित बनाउन आवश्यक छ। यसकै माध्यमबाट आत्मग्लानी वा नैराश्यताको अन्त्य गराउनुपर्छ।

मुलुक लोकतान्त्रिक अभ्यासको चरणमा रहेको छ। अभ्यास आफैंमा परिपक्व हुँदैनन्। नागरिकको आशय, इच्छा र आवश्यकता अनुसार राज्यशक्ति सञ्चालन हुनुपर्छ। यो लोकतन्त्रको वास्तविक मान्यता हो। नागरिकका असन्तुष्टिबीच लादिएका ऐन, नियम, विनियमले पुनः निरंकुशताको विम्वन गर्छ। धर्म निरपेक्षता र वा धार्मिक स्वतन्त्रताबीच प्रशस्त बहस हुन नसक्दा नेपाली संस्कृति मूल्यमान्यतामा ठूलो खट्पट् सिर्जना भएको छ। धार्मिक स्वतन्त्रता वा निरपेक्षताका नामबाट नेपाली संस्कृतिको विचलन आउने गरी राज्यसत्ता अघि बढेको हो कि भन्ने शंका आमनागरिकमा आउने अवस्था सिर्जना गरिनुहुन्न। तीन वटै तहका सरकारबीच कानूनी अभावका कारण पर्व संस्कार, संस्कृति राष्ट्रिय विदा वा पर्व मनाउने बीच तालमेल नुहनुले भावी दिनमा लोकतन्त्रप्रति वितृष्णा सिर्जना हुने वातावरणबाट समयमै राज्य सतर्क हुनुपर्छ। संस्कार र संस्कृति संरक्षणमा राज्यले देखाएको उदाशिनताले भावी दिनमा सरकारसँग नागरिक त्रसित बन्ने अवस्था आउनु हुँदैन। हाम्रा चाडपर्व र सभ्यताको सम्मान गर्न सकेमात्र शासन व्यवस्था पनि बलियो हुन्छ।

# जीवन के हो ?



दिपेन राउत

जन्म र मृत्युको बीचलाई जीवन भनिन्छ। मानिसको जन्म के का लागि, किन र कसरी हुन्छ यो कसैले पनि आंकलन गर्न सकिन्न। सन्तान जन्माउनु प्राकृतिक नियम हो या संभोगको परिणाम हो। जीवन यी यस्तै घटना परिघटनाले चलेको हुन्छ। कुनै पनि परिवारमा सन्तानको जन्म भएपछि परिवारमा हर्ष हुन्छ। छिमेकीले कुरा काट्ने बाटो हराउँछ, आफन्तको चिन्ता हराउँछ, साथीभाइ र दम्पत्तिमा हर्षको सीमा रहँदैन। यो हाम्रो समाजको सन्तान प्राप्तिको यर्थाथिता हो। जब मानिसको जन्म हुन्छ समयचक्रसँगै शारीरिक विकास र मानसिक विकास हुँदै जान्छ सन्तान प्राप्त भएपछि अभिभावकको जिम्मेवारी बढ्दै जान्छ।

समयचक्रसँगै मानिसको जीवन चलिरहेको हुन्छ। जीवन के हो ? भन्ने कुरामा विभिन्न व्यक्तिहरुको विभिन्न तर्क छ। सिद्धार्थ कसको नामभन्दा धेरैलाई थाह नहुन सक्छ। तर, गौतम बभन्दा सायदै नचिन्ने कोही नहोला। हामीलाई धन, सम्पत्ति र परिवारबाट सुख प्राप्त नहुन सक्छ भन्ने कुरा गौतम बुद्धले प्रष्ट पारिसकेका छन्। सिद्धार्थ गौतम यति विलासी जीवनबाट राति सुतिरहेको बेला एक्लो छोरा, श्रीमतीलाई छोडेर हिंडे, फर्कदा गौतम बुद्ध भएर फर्किए यो हाम्रो समाजको मानव, भगवान भएको यर्थाथता हो।




एक राजाका छोरा सिद्धार्थ गौतम जसलाई मानिस मर्छ पनि भन्ने समेत ज्ञान थिएन न कसैलाई गुरु माने न कसैको शिष्य भएर रहे केवल आफ्नो ध्यानले र जीवनको भोगाइले मानिस मानिसबाट भगवान भए।

के मानिसलाई धनसम्पत्तिले जीवनमा खुशी दिन सक्छ ? धनसम्पत्ति बिना जीवन खुशी रहन सक्दैन। जीवनमा खुशी रहन धनसम्पत्ति आवश्यक छ की सन्तुष्टि आवश्यक छ ? अहिलेको हाम्रो समाज हेर्दा अचम्म लाग्छ।

मानिस जन्मन्छ शिक्षा दिक्षा प्राप्त गरुञ्जेल कोही डाक्टर भए हुन्थ्यो भन्ने हुन्छ । कसैका छोराछोरी इञ्जीनियर भए हुन्थ्यो। कसैका छोराछोरी व्यवसायी भए हुन्थ्यो, अब त झनै विदेश गए हुन्थ्यो। यी यस्तै सपना बुनेर छोराछोरीलाई शिक्षा दिक्षा दिन्छन् बाबु आमाले। तर, छोराछोरीको सपना के हो बाबुआमालाई थाहा हुँदैन। मानिसको उद्देश्य पहिला काम कामपछि दाम र दाम प्राप्त गरेपछि नाम हुन्छ। बस यिनै तीन कुराको खोजी गर्दागर्दै मानिसको जीवन समाप्त हुन्छ।

बस मलाई मात्र। मेरो परिवारलाई। जीवनको सपना मेरो मात्र। यो सोच आजको हाम्रो समाजको छ। यदि गौतम बुद्धले पनि सुख सयलमा बसिरहँदा, परिवारमा रमाइरहँदा यस्तै सोचेका थिए भने आज बुद्ध जन्मिएको देश नेपाल भनेर भनिने थिएन होला। बुद्धका उपदेशहरु विश्वभर फैलने थिएनन् होला। यति ठूला-ठूला बुद्धका स्तुपाहरु बन्ने थिएनन् होला। शान्तिका दूत भनेर विश्वसामु चिनिने थिएनन् होला। सिद्धार्थ गौतमबाट गौतम बुद्ध बन्ने थिएनन् होला। र, आजको हामी र हाम्रो समाजको सोचाई हेर्दा सायदै अब गीतले भने झैं 'फेरि पनि लुम्बिनी बुद्ध जन्माइदेउ'हुन्छ। कहिलै अर्को बुद्ध जन्माउन सकिन्न होला। अन्त्यमा जन्म र मृत्यु बीचमा यी यस्तै घटना परी घटना रहन्छन्। दुःख र सुखको बास जीवनमा रहन्छ, सँगै हुन्छ। सबैलाई चेतना भया।

# विश्व सरसफाई दिवसमा बिर्तामोड सरसफाई



**बिर्तामोड, असोज ४।** विश्व सरसफाई दिवसको अवसर पारेर बिर्तामोडमा चेतनामुलक सरसफाई कार्यक्रम सम्पन्न भएको छ। विश्व सरसफाई दिवसको अवसर पारेर बिर्तामोड सरसफाई अभियानको १६८औं श्रृंखला अन्तर्गत बिर्तामोड नगर सरसफाई गरिएको हो।

बिर्तामोड नगरपालिका वडा नं. ५ र बिर्तामोड सरसफाई अभियानको संयुक्त आयोजनामा स्वास्थ्यका लागि सरसफाईमा सचेत बनौं, सचेतना फैलाऔं, सरसफाई अभियानलाई देशव्यापी बनाऔं, विश्व सरसफाई दिवस सफल पारौं भन्ने नाराका साथ बिर्तामोडको मुख्य बजार क्षेत्रमा सरसफाई गरिएको थियो। बिर्तामोड सरसफाई अभियानका संयोजक बिष्णु आचार्यको अध्यक्षता तथा बिर्तामोड वडा नं. ५ का अध्यक्ष राजेन्द्रप्रसाद लिङ्देनको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा वडा सदस्य डिआर कडरिया, कार्यपालिका सदस्य सुरेन राजबंशी, मनकामना कलेज बीएस डब्लुमा अध्ययनरत् बिद्यार्थीहरु, शिक्षक, जिल्ला ट्राफिक प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरीहरु नेपाल रेयुकाई र युवा संघका पदाधिकारीहरुको सहभागितामा बिर्तामोड नगर सरसफाई गरिएको थियो ।

कार्यक्रममा बिर्तामोड वडा नं. ५ का अध्यक्ष लिङ्देनले बिर्तामोड नगर सफा राख्न विशेष पहल गरिने बताउँदै नेपाल भ्रमण बर्ष २०२० सफल बनाउन सबै जुट्नुपर्नेमा जोड दिए। उनले जथाभावी फोहरमैलागर्नेलाई कडा कारवाही गरिने बताए।

स्वच्छता मेरो पहिचान, सफाईमा मेरो योगदान, नेपाल भ्रमण वर्ष २०२० सफल पारौं, सरसफाई अभियान देशव्यापी बनाऔं भन्ने मूल नारासहित विगत तीन बर्षदेखि शुरु गरिएको बिर्तामोड सरसफाई अभियान अन्तर्गत हरेक शनिबार बिर्तामोडमा सरसफाई गरिँदै आएको बिर्तामोड सरसफाई अभियानका संयोजक बिष्णु आचार्यले बताए।

नेपाल भ्रमण बर्ष २०२० सफल बनाउन पनि बिर्तामोड सरसफाई अभियानलाई थप उचाईमा पुऱ्याउन आवश्यक रहेको बताउँदै आचार्यले नेपाल घुम्न आउने बिदेशी पर्यटकहरुले नेपालबाट फर्कदा अब सफा नेपालको फोटो लिएर जाने बताए। उनले नेपाल भ्रमण बर्ष नेपालीहरुको गौरव भएकाले त्यसलाई सफल बनाउन सरसफाई जस्तो महान कार्यमा हप्तामा एकदिन श्रमदान गर्न सबैमा अनुरोध गरेका छन्।

# पाण्डव सहकारीको नेतृत्व चयन



अध्यक्ष, पुष्पबहादुर घले

**लक्ष्मीपुर, असोज ४।** अर्जुनधारा-५, लक्ष्मीपुरस्थित पाण्डव बचत तथा ऋण सहकारी संस्था लि.को सातौं वार्षिक साधारणसभा तथा तेस्रो अधिवेशनले पुष्पबहादुर घलेको अध्यक्षतामा नौ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ।

अधिवेशनले सर्वसम्मत कार्यसमिति चयन गर्न नसकेपछि निर्वाचनद्वारा कार्यसमिति चयन गरिएको थियो। अध्यक्ष पदका लागि निवर्तमान अध्यक्ष अर्जुन रेग्मी र घलेको उम्मेदवारी परेको थियो। घलेको अध्यक्षतामा गठित कार्यसमितिको उपाध्यक्षमा सीता सापकोटा, सचिवमा देवराज बुडाथोकी, सहसचिवमा अर्जुनमणि निरौला निर्वाचित भएका छन्। त्यस्तै सदस्यहरुमा छत्रवहादुर याङ्देन खिनामाया पुरी, लोकेन्द्र भुजेल, निर्मला रिमाल र अर्जुन रेग्मी रहेका छन्।

त्यस्तै सोही अधिवेशनले नयाँ कार्यसमितिको लेखा समिति समेत चयन गरिएको छ। समितिको संयोजकमा मुना चौलागाई सदस्यमा वीरध्वज खाती र विमला ढुङ्गेल चयन भएका छन्। कमलचन्द्र डाँगी संयोजक तथा टेकनाथ अधिकारी र रिता उप्रेती सदस्य रहेको निर्वाचन समितिले निर्वाचन मार्फत नयाँ कार्यसमिति चयन गरेको थियो।

# गर्मी छल्दै, सूर्योदय हेर्दै





झण्डै ५० किलोमिटरको दूरीमा तराई क्षेत्रमा प्रचण्ड गर्मी हुँदा अन्तुडाँडामा भने शितलो वातावरण छ। तराईका विभिन्न भागबाट गर्मी छल्नका साथै सूर्योदयको मनोरम दृश्य अवलोकन गर्न आउने पर्यटकका कारण पछिल्ला वर्षमा अन्तुडाँडाको पहिचान नै बदलिएको छ।

इलामको सूर्योदय नगरपालिका-५ स्थित यो ठाउँमा पर्यटकको बढ्दो चापसँगै यतिखेर ४५ घरवास (होमस्टे) र चार पाँचवटा होटेललाई पर्यटकलाई स्वागत गर्न भ्याइ-नभ्याइ छ। तराई मात्र नभई नेपालका प्रसिद्ध पर्यटकीय स्थलबाट समेत पर्यटक अन्तुडाँडा पुग्ने गरेका छन्। यहाँ आउने जो कोही पर्यटकले यहाँबाट देखिने मनोरम दृश्य हेर्न लोभिने गरेका छन्।

भरतपुर महानगरपालिका-१८ घर भई विगत डेढ दशकयता पोखरा बस्दै आएका लक्ष्मण कँडेलले अन्तुडाँडा आइपुग्दा यहाँको दृश्यले आफू निकै प्रभावित भएको बताए। हरियो चिया बगान, आकर्षक देखिने सूर्योदय, वरपरका पहाडी दृश्य सबै हेर्नै पर्ने स्थल भएको उनले बताए।

समुद्री सतहबाट करिब दुई हजार तीन सय मिटर उचाइमा रहेको अन्तुडाँडामा रहेका चिटिक्क परेका चिया बगान, चिया बगानभित्रका कटेज, पोखरी, लस्करै मिलेका धुपिसल्लाका रुख यहाँका आकर्षण हुन्। पर्यटकको बढ्दो आगमनलाई लक्षित गरी होटेल तथा होमस्टेमा स्थानीयले लगानी बढाउँदै गएको स्थानीय पर्यटन व्यवसायी एवम् होमस्टे एशोसिएशनका केन्द्रीय सदस्य एकराज घिमिरेले जानकारी दिए। उनका अनुसार यहाँका ४५ घरमा होमस्टे सञ्चालन गरिएको छ भने पाँच वटा होटेल रहेका छन्।

प्रायः वर्षभर नै पर्यटकको आगमन हुने गरेको बताउँदै उनले यहाँबाट झण्डै १५ मिनेट नाङ्गो आँखाले सूर्योदय देख्न सकिने जानकारी दिए। यहाँबाट भारतको दार्जिलिङ घुमपहाड लगायतका रमणीय दृश्य पनि नियाल्न सकिन्छ। श्रीअन्तु परिसरमा रहेको सुन्दर ताल पनि यहाँको अर्को आकर्षण हो। तालमा देखिने धुपी सल्लाका बोटहरू, चिया बगानको छायाँले अर्को आकर्षण थपेको छ।

चिसो हावापानीका कारण गर्मी छल्न र दृश्यावलोकन गर्न भारतका विभिन्न स्थानबाट पर्यटक आउने गरेको अर्का पर्यटन व्यवसायी रत्न खड्काले बताए। नेपालको पर्यटकीय विकासमा श्रीअन्तुले महत्वपूर्ण योगदान दिएको बताउँदै उनले यहाँको प्रचार-प्रसार, व्यवस्थापन र पूर्वाधार विकासमा राज्यस्तरबाटै थप पहल भएमा यो आन्तरिक तथा बाह्य पर्यटनको महत्वपूर्ण गन्तव्य बन्ने धारणा राखे।

सूर्योदयका लागि झिसमिसेमा अन्तुडाँडा उक्लने पर्यटक लगायत तराईका समथर फाँटहरू अनि भारतीय शहरमा बलेको बत्तीको झिलिमिली समेतको अनुभव गर्न पाउँछन्। अन्तुले पर्यटकीय पमा २०४०/०४१ सालदेखि चासो र चर्चा पाए पनि देशको द्वन्द्वात्मक अवस्था पछि मात्रै गति लिएको अन्तु पर्यटन विकास समितिका अध्यक्ष धनकुमार आलेले बताए।

वि.सं. २०५२ देखि पेइङ गेष्टका रुपमा यहाँ स्थानीयले होमस्टे शुरु गरे पनि होमस्टेका रुपमा व्यवसायले गति भने २०५७ कात्तिक २२ देखि लिएको उनले जानकारी दिए। पोखरामा पर्यटन व्यवसायमा क्रियाशील हाइग्राउण्ड एडभेन्चर नेपालका प्रमुख सञ्चालक अधिकृत दिनेश महर्जन अन्तुडाँडाको धेरै पर्यटकीय सम्भावना रहेको बताउँछन्।

सूर्योदय हेर्नकै लागि इलामको अन्तुडाँडासहित पोखराको सराङकोट, म्याग्दीको पुन हिल पर्यटकका आकर्षण बन्दै गएको नेपाल पर्यटन बोर्ड पोखरा कार्यालयका प्रबन्धक सूर्य थपलियाले बताए।

# एनआरएनए कोरियाको अधिवेशन

युद्धबहादुर बोहोरा

**इलाम, असोज ४।** गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् दक्षिण कोरियाको सातौं अधिवेशन आज सम्पन्न हुँदैछ।

अधिवेशनले नयाँ कार्यसमितिको निर्वाचन गर्ने बताइएको छ। नयाँ कार्यसमितिका लागि उम्मेदवारहरूको नामावली प्रकाशित गरिएको छ। उम्मेदवारहरुले समितिमा पठाएका कागजात अनुसार उम्मेदवारको नामावली प्रकाशित गरिएको निर्वाचन समितिका संयोजक डा. देवीबहादुर बस्नेतले बताए। प्रकाशित उम्मेदवारहरुमा तीन अध्यक्ष आठ उपाध्यक्ष, दुई महासचिव, तीन सचिव र तीन कोषाध्यक्षको पदमा उम्मेदवारी परेका छन्।

त्यस्तै सह-कोषाध्यक्षमा एक जनाको मात्र उम्मेदवारी परेको छ भने युवा संयोजकत्वमा तीन जनाको उम्मेदवारी परेको छ। त्यस्तै महिला संयोजकमा एक र आईसीसी सदस्यमा दुई जनाको उम्मेदवारी परेको निर्वाचन समितिले सार्वजनिक गरेको छ भने जम्मा ३२ जनाको उम्मेदवारी परेका छन्।

उम्मेदवारी अनुसर आईसीसी सदस्यमा वर्तमान अध्यक्ष लक्ष्मी गुरूङ र ओम नारायण जुग्जालीको उम्मेदवारी परेको छ। अध्यक्ष पदका लागि विपीनकुमार गुरूङ, बुद्धि गुरूङ र यज्ञराज सुवेदीले उम्मेदवारी दिएका छन्। त्यस्तै बरिष्ठ उपाध्यक्षमा दिपक पुन र अमृत राईको उम्मेदवारी छ भने उपाध्यक्षका लागि अम्बिका डिसी पार्क, सोमबहादुर तामाङ, सञ्जिवकुमार राई, सुरेश खत्री, यदु लामिछाने, ईश्वरीबहादुर रोकायाका छन्।

त्यस्तै महासचिवमा धर्मराज जोशी र बिमल सुवेदीको उम्मेदवारी छन्। सचिवमा किशोर कोइराला, रोशन भट्टराई, राजकुमार स्याङतानको रहेको छ। त्यस्तै कोषाध्यक्षमा चन्द्र राना, कुन्साङ शेर्पा, संगीता कुँवरको परेका छन् भने सह-कोषाध्यक्षमा सन्तोष खड्काको रहेको छ। युवा संयोजकमा अरूण श्रेष्ठ, अभिषेक सापकोटा, टीका थेगिम (सुब्बा) र महिला संयोजकमा शुभद्रा पालुङ्वाले उम्मेदवारी दिएका छन्।

त्यस्तै सदस्यहरूमा दिनेश चौलागाई, उमेश पोखेल, ओमबहादुर, सुवासचन्द्र चौधरी, अभिषेककुमार चौरासिया, बिश्वमणी दाहालको उम्मेदवारी रहेको युवा संयोजक तथा याक्थुङ्ग चुम्लुङ्ग सल्लाहकार थेगिमले जानकारी दिए। त्यस्तै सार्वजनिक गरिएको उम्मेदवारहरूको दाबी बिरोधको लागि समेत आह्वान गरिएको छ।

कोरियामा एनआरएनको अधिवेशनमा चुनाव अनलाइन तथा इलेक्ट्रोनिक विधिबाट हुने बताइएको छ। यसअघि समितिले निर्वाचन आचारसंहिता, निर्वाचन कार्यतालिका सार्वजनिक गरेको थियो। एनआरएनएले लगभग डेढ महिना लगाएर भरेका पञ्जीकृत सदस्य फारमबाट दुई हजार आठ सय ६९ जनाको नामवाली सार्वजनिक गरेका छन्। यो २०१९ देखि २०२१ सम्मका सदस्यहरुको संख्या रहेको बताइएको छ।



# ट्रेलरमा ‘छ माया छपक्कै’

नेपाली फिल्मको इतिहासमा बक्सअफिसमा ठूलो अंक जोड्न सफल फिल्म ‘छक्का पञ्जा’ टिमले निर्माण गरेको नयाँ फिल्म ‘छ माया छपक्कै’ को ट्रेलर सार्वजनिक भएको छ। बानेश्वरमा अवस्थित ‘वान सिनेमाज’ हलमा पत्रकार सम्मेलन गर्दै निर्माण टिमले फिल्मको ट्रेलर सार्वजनिक गरेको हो। ट्रेलर ‘वडा नम्बर ६’ फ्लेवरको छ। अर्थात् राजनीति पृष्ठभूमिमा प्रेम बुनिएको छ।

फिल्ममा कलाकार दीपकराज गिरी राजनीतिज्ञको भूमिकामा छन्। उनको प्रेम आफूभन्दा आधा उमेर कम युवती केकी अधिकारीसँग हुन्छ। केकीका पिता पनि राजनीतिज्ञ हुन्छन्। तर, पार्टी फरक। राजनीतिक द्वन्द्वले प्रेममा पार्ने प्रभावलाई ट्रेलरमा देखाउन खोजिएको छ। फिल्मको ट्रेलरमा कमेडीलाई प्रधानता दिइएको छैन। केही गम्भीर छ। यद्यपि, केदार घिमिरेको हाउभाउ र संवादले भने दर्शक हँसाउँछ।

दीपेन्द्र लामा निर्देशित फिल्ममा दीपकराज गिरी, केकी अधिकारी केदार घिमिरे, जितु नेपाल, सुपुष्पा भट्ट, अनुराग कुँवर, प्रकाश घिमिरे, रमा थपलिया, विष्णु सापकोटा लगायतका कलाकारहरूको अभिनय छ। आगामी असोज २४ गतेबाट देशव्यापी प्रदर्शनमा आउने फिल्ममा निर्देशक लामालाई दीपाश्री निरौलाले निर्देशनमा सघाएकी छन्। फिल्मलाई हरि हुमागाईँले खिचेका हुन् भने विपीन मल्लले सम्पादन गरिरहेका छन्।

ट्रेलर सार्वजनिक कार्यक्रममा दीपकराजले ‘वडा नम्बर ६’ फ्लेवरमा ‘छ माया छपक्कै’ निर्माण नभएको बताए। ‘वडा नम्बर ६’ कै निरन्तरता हो ? भन्ने पत्रकारको प्रश्नमा उनले भने– ‘हामीले ‘६ एकान ६’ देखि ‘छक्का पञ्जा ३’ सम्म बनाएका फिल्मको अनुहार फरक थियो। यसपटक पनि अनुहार फरक छ। ‘वडा नम्बर ६’ र ‘छ माया छपक्कै’ को कथामा कुनै मेल छैन।’ उनले फिल्ममा राजनीतिक पृष्ठभूमिमा प्रेम बुनिएको बताए।

फिल्मका कार्यकारी निर्माता केदारप्रसाद घिमिरे रहेका छन्। निर्देशक लामाकै कथा रहेको फिल्ममा दीपकराज गिरीको पटकथा रहेको छ। संवादमा उनलाई केदारप्रसाद घिमिरे, जितु नेपाल, अभिमन्यू निरवीले सघाएका छन्। रोशन श्रेष्ठको द्वन्द्व रहेको यस फिल्ममा कविराज गहतराजको कोरियोग्राफी छ। रोहित अधिकारीले फिल्मको निर्माण गरेका हुन्। यो फिल्मलाई रिलिज अगावै ‘स्योर सट’ हिट मानिएको छ।


FREE VISA !! FREE TICKET !! FREE VISA !! FREE TICKET

VISA WITH IN 15 DAYS

UAE मा रोजगारीको अवसर

Transguard Group LLC

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष/महिला | AED | ने.रू. |
|---|---|---|---|---|
| 1 | Security Guard | 100/50 | 1920 | ५९,८३० |

फाइनल अन्तरवार्ता सम्बधित कम्पनीको प्रतिनिधिबाट २०७६ अश्विन ५ गते (22 SEP 2019) बिर्तामोड HOTEL MOKSHYA मा हुनेछ।

नोट: Security Guard को Salary (AED 1920) भएता पनि Allowance र OT सहित १२ घण्टा २६ दिन को DPS को 2270 हुनेछ।

साउदीको NAMARIQ A. S. CO मा रोजगारीको अवसर

LT. No: 161573

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष/महिला | योग्यता | AED | ने.रू. | ओभरटाइम | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/Bus boy | 20 | सम्बन्धित काममा दक्ष | 1000 | ३०५१० | क. नि. अ. | ८ घण्टा | ६ दिन | क. नि. अ. | छ | | २ वर्ष |
| 2 | Cook Helper | 25 | | 1000 | ३०५१० | | | | | | | |
| 3 | Counter Att./Runner | 25 | | 1300 | ३९६६३ | | | | | | | |
| 4 | Butcher Helper | 15 | | 1500 | ४५७६५ | | | | | | | |
| 5 | Line Cook | 10 | | 1800 | ५४९८१ | | | | | | | |
| 6 | Steward | 15 | | 1000 | ३०५१० | | | | | | | |
| 7 | Steward Dishwasher | 20 | | 1000 | ३०५१० | | | | | | | |

फाइनल अन्तवार्ता सम्बनधित कम्पनीको प्रतिनिधिबाट यहि मीती २०७६ अश्वीन ५ गते (22 SEP 2019) HOTEL MOKCHYA, BIRTAMOD मा हुने जानकारी गराउद छौ

साथै कतार मुलुकको एक बहुप्रतिष्ठित कम्पनी LANDMARK GROUP बाट GENERAL CLEANER-100 जना, SALARY- 900 QR को माग भई आएको र जान चाहने इच्छुकले तु सम्पर्क राख्नु होला

साथै OMAN को बहुप्रतिष्ठित FIVESTAR HOTEL-100 जना WAITER (SALARY 120+FOOD) हरूको माग भइ आएको ले जान चाहनेले तुसम्पर्क गर्नु होला

मोन्टेज ओभरसिज प्रा. लि.

कलंकी, काठमाडौं

फोन: 9803672294, 9803572294, 9803072294, 9803472294, 9817920206, 9802072294



UAE को अवुधावीमा PSBD Security गार्डमा महिला तथा पुरूषको आवश्यकता

कम्पनी : SECURI GUARD MIDDLE EAST, UAE शहर : ABU DHABI

पूर्व स्वीकृति मिति : २०७६/०३/१३ चलानी नं. ६०१४१२८० L.T. NO. 221678

| कामदारको पद | माग संख्या पुरुष | AED | नेरू. | ओ.टी./ बार्षिक बिदा | कार्य समय | खाना/बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|
| Security Guard | 200 | 2000 | ६०,००० | क.नि. अनुसार | ८ घण्टा ६ दिन | छ | २ बर्ष |

पूर्व स्वीकृति मिति : २०७४/०६/२२ चलानी नं. ६०११८३६८ L.T. NO. 196877

पुन : पूर्व स्वीकृति मिति : २०७६/०३/०९ चलानी नं. ३०६०

| कामदारको पद | माग संख्या महिला | AED | नेरू. | ओ.टी./ बार्षिक बिदा | कार्य समय | खाना/बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|
| Security Guard | 175 | 2000 | ६०,००० | क.नि. अनुसार | ८ घण्टा ६ दिन | छ | २ बर्ष |

नोट : उचाई : महिलाको हकमा ५ फिट भन्दा माथि र पुरुषको हकमा ५ फिट ७ इन्च भन्दा माथि हुनुपर्नेछ। कम्तीमा एसएलसी पास गरेको र राम्रोसँग अंग्रेजी लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ। अर्न्तवार्तामा आउँदा सक्कल राहदानी, योग्यता तथा अनुभवका प्रमाणपत्र लिएर आउँनु पर्नेछ।

बेशिक सेलरी २००० दिराम भएता पनि ओटी र एलाउस गरी २७७० हुनेछ

APPROBLE READY भएकाले २० दिन भित्रमा भिषा प्राप्त हुनेछ।

फाइनल अर्न्तवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट असोज ७ गते (24, Sept. 2019) मा होलिडे होम बिर्तामोड झापामा हुनेछ।

सन लाइट ह्युमन रिर्सोस प्रा.लि.

Lic No. 689/063/064

सामाखुसी-२९, सामाखुसी टाउन, प्लानिङचोक, काठमाडौं फोन ०१-४३८४८८

मोवाइल नं. 9801408283, 9801033974, 9802070510, 9801033977, 9801033975, 9801023813